**खिजीदेम्वा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**खिजीफलाटे, ओखलढुंगा**
**१ नं. प्रदेश, नेपाल**

# प्रारम्भिक वातावरणीय परीक्षण (IEE) सम्बन्धी सार्वजनिक सूचना

***प्रथम पटक प्रकाशित मिति २०७६ जेठ २९ गते***

ओखलढुंगा जिल्ला, खिजीदेम्वा गाउँपालिकाको सीमा क्षेत्रमा पर्ने लिखु खोला क्षेत्रबाट ढुङ्गा, गिट्टी, वालुवा, ग्राभेल लगायतका नदीजन्य पदार्थहरु संकलन तथा उत्खनन् गर्न प्रस्ताव गरिएको छ। यस गाउँपालिकाभित्र प्रत्येक बर्ष थुप्रिने नदीजन्य पदार्थको परिमाण अनुसार स्थानीय भौतिक पूर्वाधार तथा प्राकृतिक सम्पदाको संरक्षण समेतलाई ध्यान दिई दीगो रुपमा ढुङ्गा, गिट्टी, वालुवा, ग्राभेल लगायतका नदीजन्य पदार्थहरु संकलन गर्ने कार्यलाई व्यवस्थित गर्न प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयारी गर्ने सिलसिलामा वातावरण संरक्षण ऐन २०५३ र वातावरण संरक्षण नियमावली २०५४ (पछिल्लो संसोधन सहित) को नियम ३ को अनुसुची १ अनुसार प्रारम्भिक वातावरणीय परीक्षण (Initial Environment Examination) अध्ययन गर्नुपर्ने भएको हुँदा उक्त प्रस्ताव कार्यान्वयन हुने देहायको क्षेत्रमा प्रस्ताव कार्यान्वयनवाट भौतिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक क्षेत्रमा यिनका अवयवहरु र अन्तरसम्वन्धमा पर्ने प्रभावहरुको सन्दर्भमा सम्वन्धित वडा तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी, सरोकारवाला व्यक्ति एवं संघ संस्थाहरुलाई यो सूचना प्रथम पटक प्रकाशित भएको मितिवाट १५ दिन भित्र राय, सुझाव, र प्रतिक्रिया पठाई सहयोग गरिदिन हुन यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

| अध्ययन गरिने क्षेत्रहरु | प्रभावित वडाहरु |
|---|---|
| ओखलढुंगा जिल्ला, खिजीदेम्वा गाउँपालिकाको सीमा क्षेत्रभित्र पर्ने लिखु खोला क्षेत्र | खिजीदेम्वा गाउँपालिका वडा नं.: १, ३, ४, ७ र ८ का सीमा क्षेत्र |

**राय सुझाव पठाउने ठेगाना:**
**खिजीदेम्वा गाउँपालिकाको कार्यालय**
खिजीफलाटे, ओखलढुंगा फोन नं.:९७४८६४२७८९
Email : khijeedembarm2073@gmail.com

युवराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत